लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

प.सं :- २०८०/८१

मिति : २०८०।०४।१७

च.नं :-

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका । देउखुरी । नेपाल

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०४।१७)**

**बिषय: सामुदायिक खेलमैदान /कभर्डहल तथा अन्य खेलकुद संरचनाको निर्माण तथा स्तरोन्नतिका लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रममा **सामुदायिक खेलमैदान /कभर्डहल तथा अन्य खेलकुद संरचनाको निर्माण तथा स्तरोन्नति** गर्ने कार्यक्रम रहेकाले यस प्रदेश भित्रका इच्छुक पालिका तथा खेलकुद सँग सम्बन्धित संघ संस्थाले तपसिल बमोजिमका विवरण तथा कागजात सहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही हुने छैन ।

**तपसिल**

१. खेल संरचना निर्माण गर्ने निकाय/संस्थाको निर्णय सहितको आधिकारिक पत्र ।
२. खेल संरचना निर्माण स्थलको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजात ।
३. गत विगत वर्षमा सरकारी रकम वा अन्य स्रोतको रकम प्रयोग गरी निर्माण कार्य प्रारम्भ भएको भए हालसम्म भएको बजेट खर्च र सम्पन्न कामको विस्तृत विवरण ।
४. चालु आब २०८०।०८१ मा गरिने निर्माण कार्यको विस्तृत विवरण र सोको प्रमाणित लागत अनुमान ।
५. खेल संरचना निर्माणका लागि यस निर्देशनालयबाट उपलब्ध गराइने रकममा पालिका वा संस्थाको समेत लगानी हुने भए सो को सुनिश्चितता सहितको पत्र ।
६. कार्य प्रारम्भ गर्ने र सम्पन्न गर्ने समयसीमा सहितको स्पष्ट कार्ययोजना ।
७. स्थानीय तहले चालु आ.व. २०८०।०८१ मा उक्त खेल संरचनाका लागि बजेट विनियोजन गरेको भए विनियोजनं भएको बजेटको विवरण ।
८. निर्माण गरिने खेल संरचनाको प्रमाणित लागत अनुमान, नक्शा, ड्इङ डिजाइन र DPR निर्माण भएको भए सोको प्रतिलिपी ।
९. संघ संस्थाले प्रस्तावना पेश गर्ने भए संस्था दर्ताको प्रतिलिपि र सम्बन्धित पालिकाको सिफारिस ।
१०.संघ संस्थाले प्रस्तावना पेश गर्ने भए संस्थाको गत आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्र, नविकरण प्रमाणपत्र र आ.व. २०७९/८० को लेखा परीक्षण प्रतिवेदन ।

( यम बहादुर के.सी. )
नि. निर्देशक